


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४५ अङ्क ९ जेठ २०७८ मे-जुन २०२१


## नेपाल राष्ट्र बैंक ६६औं वर्षमा प्रवेश

## समष्टिगत आर्थिक स्थायित्वका निम्ति बैंक प्रतिबद्ध: गभर्नर अधिकारी



गभर्नर महाप्रसाद अधिकारीले मुलुकको समष्टिगत आर्थिक स्थायित्वका निम्ति नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको धारणा राख्नुभएको छ। बैंकको ६६ औं वार्षिकोत्सवका अवसरमा २०७८ वैशाख १४ गते भर्चुअल माध्यमद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले उक्त धारणा राख्नु भएको हो । उहाँले भन्नुभयो, "समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै वित्तीय क्षेत्रबाट परिचालन हुने स्रोत साधनलाई पूर्वाधार क्षेत्र, साना तथा मझौला उद्यम, कृषि, ऊर्जा, पर्यटनलगायत उत्पादनशील क्षेत्रतर्फ निर्देशित गरी आर्थिक पुनरुत्थानको लागि सहयोग गर्न, वित्तीय उपकरण एवम् पूर्वाधारको समयसापेक्ष विकास गर्न, विद्युतीय भुक्तानी माध्यममार्फत कारोबारहरूलाई प्रवर्द्धन गर्न र वित्तीय समावेशिता तथा वित्तीय ग्राहक संरक्षण गर्नेतर्फ बैंक प्रतिबद्ध छ।"

कोभिड-१९ को दोस्रो लहरका कारण अर्थतन्त्र थप प्रभावित हुने जोखिम बढेको उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसको असरलाई सम्बोधन गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्थालाई निरन्तरता दिइने जानकारी दिनुभयो । "कोभिड-१९ को असामान्य परिस्थितिलाई सम्बोधन गर्न चालिएका गैरपरम्परागत, लचक एवम् सहजीकरणसहितका नीतिगत व्यवस्थालाई आर्थिक तथा वित्तीय स्थायित्व र मौद्रिक उद्देश्यमाथि थप जोखिम सिर्जना नहुने गरी निरन्तरता प्रदान गरिनेछ ।" उहाँको सम्बोधनमा उल्लेख छ । गभर्नर अधिकारीले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रलाई गतिशील बनाउनका निम्ति आर्थिक क्रियाकलापको चुस्त सञ्चालन र व्यवस्थापन गरिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

वार्षिकोत्सवकै अवसरमा बैंकका कर्मचारीलाई शुभकामना दिँदै गभर्नर अधिकारीले बैंकको उद्देश्य प्राप्तिका निम्ति आगामी दिनमा संस्थाको छवि र गरिमा उच्च राख्ने गरी सेवा प्रवाहमा केन्द्रित रहन आह्वान गर्नुभयो । साथै, बैंकको कामकारबाहीमा सहयोग गर्ने नेपाल सरकारका विभिन्न



"कोभिड–१९ को असामान्य परिस्थितिलाई सम्बोधन गर्न चालिएका नीतिगत व्यवस्थालाई आर्थिक तथा वित्तीय स्थायित्व र मौद्रिक उद्देश्यमाथि थप जोखिम सिर्जना नहुने गरी निरन्तरता दिइनेछ ।"

निकाय, बैंक तथा वित्तीय संस्था, सञ्चार क्षेत्र, दातृ निकाय, अन्तर्राष्ट्रिय संघ/संस्था र सर्वसाधारणप्रति उहाँले कृतज्ञता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले स्वागत मन्तव्य राख्दै पछिल्लो समयमा बैंकले सुपरिवेक्षकीय सूचना प्रणाली (एससाईएस), रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस), ई-स्यापिङ जस्ता प्रविधिमैत्री प्रणालीमा महत्वपूर्ण उपलब्धि हासिल गरेको चर्चा गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्य राख्दै कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान र वित्तीय स्थायित्वका निम्ति राष्ट्र बैंक अग्रसर रहने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका उच्च अधिकारी, कर्मचारी युनियनका पदाधिकारी, बैंकर्स संघका पदाधिकारी, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले सो कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# स्वर्ण जयन्ती बगैँचामा वाटरफल र ढुङ्गे धारा निर्माण

नेपाल राष्ट्र बैंक, बालुवाटारमा निर्मित स्वर्ण जयन्ती बगैँचामा वाटर फल र ढुङ्गे धाराको निर्माण गरेको छ । बैंकको ६६ औं वार्षिकोत्सवको अवसरमा २०७८ वैशाख १४ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले नवनिर्मित वाटर फल र ढुङ्गे धाराको उद्घाटन गर्नुभयो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट र विभागका अन्य अधिकारीहरूको उपस्थिति थियो ।



# आर्थिक लेख प्रतियोगिता सम्पन्न

बैंकको ६६ औं वार्षिकोत्सवको अवसरमा बैंकका कर्मचारीहरूबीच आर्थिक लेख प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगितामा वित्त व्यवस्थापन विभागका उप-निर्देशक जगदीश कुमारले प्रथम स्थान हासिल गर्नुभएको छ । उहाँको 'Goodwill Accounting: A Major Threat to Merger and Acquisition' शीर्षकको लेखले प्रथम पुरस्कार हासिल गरेको हो । यसै गरी, अनुसन्धान विभागका सहायक निर्देशक चोपकान्त सुवेदी र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सागर गौतमले क्रमश: द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । उहाँहरूको लेखको शीर्षक क्रमश: 'Operating Target of Monetary Policy and Efficiency of Interest Rate Corridor: An Evidence from Asian Central Banks' र 'Effectiveness of Merger of Bank and Financial Institutions in Nepal: Conclusion derived from Analysis of Pre and Post Merger Performance of the Entities' रहेको थियो ।

प्रतिगोगितामा प्रथम, द्वितीय र तृतीय हुने कर्मचारीलाई क्रमश: रु.१० हजार, रु.८ हजार र रु.६ हजार नगद तथा प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगितामा बैंकका ११ जना कर्मचारीको सहभागिता थियो ।

# अध्यक्ष सिटौलाद्वारा गभर्नर अधिकारीसमक्ष शपथ



प्रभु बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष लीलाप्रकाश सिटौलाले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७८ वैशाख ६ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष सिटौलालाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

प्रभु बैंक लिमिटेड सञ्चालक समितिको वैशाख २ गते बसेको बैठकले सिटौलालाई अध्यक्ष चयन गरेको थियो । यसअघि बैंकको स्वतन्त्र सञ्चालक हुनुहुन्थ्यो । उहाँको कार्यकाल चार वर्षको हुनेछ । सिटौलाले नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट २०७१ सालमा अवकाश पाउनुभएको थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ । उक्त ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# ड्राफ्ट/टि.टि.को माध्यमबाट हुने वस्तु आयातसम्बन्धी व्यवस्थामा संशोधन

नेपाल राष्ट्र बैंकले ड्राफ्ट वा टि.टि.मार्फत हुने वस्तु आयातसम्बन्धी व्यवस्थामा संशोधन गरेको छ। विदेशी विनिमय कारोबारसम्बन्धी एकीकत परिपत्र-२०७६ मा संशोधन गरी उक्त व्यवस्था गरिएको जानकारी विदेशी विनिमय व्यवस्थापन विभागले दिएको छ ।

विभागद्वारा २०७८ वैशाख ३० गते जारी गरिएको परिपत्र अनुसार भारतबाहेकका तेस्रो मुलुकबाट आयात गरिएका सामानको भुक्तानी ड्राफ्ट/टि.टि.बाट गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३५ हजार अमेरिकी डलर वा सोबराबरको परिवर्त्य विदेशी मुद्राको सहटी सुविधा प्रदान गरिनेछ । यसअघि ३० हजार अमेरिकी डलरसम्म यस्तो सुविधा दिइने व्यवस्था थियो ।

यद्यपि कोभिड-१९ को स्वास्थ्य समस्याको रोकथाम र न्यूनीकरण गर्न सहजीकरणका निम्ति आयात गरिने औषधिजन्य र स्वास्थ्य उपकरणको हकमा भने त्यस्तो सीमा लागू हुने छैन । नयाँ व्यवस्थाअनुसार एउटै बिजकबाट अमेरिकी डलर एक लाखसम्मको रकम ड्राफ्ट/टि.टि.को माध्यमबाट भुक्तानी गर्न सकिनेछ । साथै अमेरिकी डलर एक लाखभन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिससहित स्वीकृतिका निम्ति राष्ट्र बैंकमा निवेदन दिनुपर्ने व्यवस्था मिलाइएको छ ।

साथै २०७८ असार मसान्तसम्मका निम्ति अक्सिजन सिलिन्डर, अक्सिजन कन्सेन्टेटर, अक्सिजन ट्याङ्क, अक्सिजन जेनेरेटर, अक्सिजन उत्पादन प्लान्ट, अक्सिजनसम्बन्धी अन्य सामग्री, भेन्टिलेटर वा अन्य जीवनरक्षक स्वास्थ्य सामग्रीको आयातमा ड्राफ्ट/टि.टि.को रकमसम्बन्धी सीमा, बिजनेस क्रेडिविलिटी इन्फर्मेसन (बीसीआई) र स्वास्थ्य सेवा विभागको सिफारिस अनिवार्य नहुने व्यवस्था कायम गरिएको छ ।

# सिद्धार्थनगरमा रक्तदान कार्यक्रम

नेपाल राष्ट्र बैंकको ६६ औं वार्षिकोत्सवको अवसरमा सिद्धार्थनगर कार्यालयले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । २०७८ वैशाख ८ गते आयोजित रक्तदानमा कार्यालयका कर्मचारीसँगै विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारी, नेपाली सेनाका जवान तथा विदेशी मुद्रा सटही संस्थाका सञ्चालक र कर्मचारीलगायत २४ जनाको सहभागिता थियो ।

कार्यालयका निर्देशक सुदीप फुयालले रक्तदाताहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।



# बुटवलमा नोटकोष प्रणालीसम्बन्धी तालिम

सिद्धार्थनगर कार्यालयले २०७८ वैशाख १० गते रुपन्देहीको बुटवलमा 'बैंकिङ कारोबार गर्ने कार्यालय तथा नोटकोष कारोबार गर्ने वाणिज्य बैंकका शाखा कार्यालयका लागि नोटकोष हिसाब राख्ने अनलाइन सिस्टम' सम्बन्धी तालिम कार्यक्रम आयोजना गऱ्यो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालको सभापतित्व र मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको प्रमुख आतिथ्यमा उक्त तालिम कार्यक्रम आयोजना गरिएको हो । सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्रअन्तर्गत नोटकोष रहेका नेपाल बैंक लिमिटेडका तीन र राष्ट्रिय वाणिज्य बैंकका पाँच वटा शाखा, बैंकिङ कारोबार गर्ने बैंक तथा वित्तीय संस्था र नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका कर्मचारीको सहभागिता थियो ।




कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक बबी केसीले 'नोटकोष कारोबारलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन जारी गरिएका नीतिगत व्यवस्था र सोको कार्यान्वयनमा देखिएका चुनौतीहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, सिद्धार्थनगर कार्यालयका प्रधान सहायक भविस्वोर पोखेलले 'नोटकोष कारोबारको नियमित लेखाङ्कन र रिपोर्टिङ ज्ञान' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक नेपालले सहभागीबाट आएका जिज्ञासाको जवाफ दिनुभएको थियो । प्रधान सहायक सुवासचन्द्र चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बर्दिबासमा आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले २०७७ चैत २२ गते महोत्तरीको बर्दिबासमा कोभिड-१९ को प्रभावलगायत अन्य समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रदेश नं. २ स्थित वाणिज्य बैंकका प्रादेशिक कार्यालयका प्रमुख, विकास बैंक तथा वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत/प्रादेशिक कार्यालय प्रमुख, प्रदेशस्थित विभिन्न जिल्लाका उद्योग वाणिज्य संघ, प्याब्सन, एन-प्याब्सन, पर्यटन तथा होटल व्यवसायी संघका प्रतिनिधिसहित ७६ जनाको सहभागिता थियो ।



कार्यक्रममा कार्यकारी निर्देशक ढकालले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव, पर्यटन, व्यापार, शिक्षा तथा उद्योग क्षेत्रका समस्या, राष्ट्र बैंकद्वारा अवलम्बन गरिएका नीतिगत व्यवस्था तथा प्रभाव न्यूनीकरणका दीर्घकालीन उपायसम्बन्धी वार्ता प्रस्तुत गर्नुभयो । उहाँले सहभागीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले समापन मन्तव्य राख्दै नियामक निकाय, वित्तीय संस्था र प्रभावित क्षेत्रका प्रतिनिधिको सहभागितामा कार्यक्रम सार्थक बनेको धारणा राख्नुभयो । सो अवसरमा जनकपुर कायालयका उप-निर्देशक अशोककुमार राईले कार्यक्रमको आवश्यकता र औचित्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अनिल शिवाकोटीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ओखलढुङ्गामा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी सम्पन्न

विराटनगर कार्यालयले २०७७ चैत ६ गते ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकामा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक एक दिने गोष्ठी आयोजना गऱ्यो ।

विराटनगर कार्यालयका निर्देशक सत्येन्द्र तिमिल्सिनाको सभापतित्व र ओखलढुङ्गा उद्योग वाणिज्य संघका सचिव निबन्ध श्रेष्ठको प्रमुख आतिथ्यमा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा विराटनगर कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा ओखलढुङ्गास्थित सरकारी कार्यालयका प्रतिनिधि, उद्योगी/व्यवसायी, बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका प्रतिनिधिसहित ७० जनाको सहभागिता थियो । ओखलढुङ्गा उद्योग वाणिज्य संघका सचिव निबन्ध श्रेष्ठले मन्तव्य राख्दै उक्त कार्यक्रमको आयोजनाबाट स्थानीय व्यवसायी र वित्तीय संस्थाहरूबीच सम्बन्ध विस्तारमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विराटनगर कार्यालयका प्रधान सहायक अशोक रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक सुशिला कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# भैरहवामा विद्युतीय भुक्तानीसम्बन्धी अनुशिक्षण




सिद्धार्थनगर कार्यालयले २०७८ वैशाख ५ गते भैरहवामा विद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने र आरटीजीएसमार्फत हुने कारोबारलाई व्यापक बनाउने सन्दर्भमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका कर्मचारीसँगै लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रबन्धकहरूसहित ५० जनाको सहभागिता थियो । सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारीले 'नेपालमा विद्युतीय भुक्तानीको विकासका लागि जारी गरिएका नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्था र चुनौतीहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा मेगा बैंक लिमिटेडका लुम्बिनी प्रदेश प्रमुख तारानाथ लम्साल, प्रभु बैंक लिमिटेडका लुम्बिनी प्रदेश प्रमुख सुवास कुँवर, नबिल बैंक लिमिटेड, भैरहवा शाखाका प्रबन्धक लीलाप्रसाद ओझा र साइन रेसुङ्गा बैंक लिमिटेडका प्रविधि इन्चार्ज शैलेश श्रीवास्तवले विद्युतीय भुक्तानी प्रणालीको विकाससम्बन्धी छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । साथै उहाँले क्यूआर कोडलगायत अन्य विद्युतीय भुक्तानीको विकासमा बैंक तथा वित्तीय संस्थाले पुऱ्याएको योगदानबारे चर्चासमेत गर्नुभयो । सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक माधवराज ढकालले अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढीमा सञ्चालन जोखिमसम्बन्धी प्रशिक्षण

धनगढी कार्यालयले २०७७ चैत ३० गते धनगढीस्थित वाणिज्य बैंकका शाखा कार्यालयका अपरेसन इन्चार्जहरूसँग बैंकमा सिर्जना हुन सक्ने सञ्चालन जोखिमसम्बन्धी एक दिने अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले स्वागत मन्तव्य राख्दै सहभागीहरूलाई कार्यक्रमको उद्देश्य र रूपरेखाबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा उप-निर्देशक राकेश प्रजापतीले 'वित्तीय क्षेत्रमा सञ्चालन जोखिम' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । साथै उहाँले बैंकिङ तथा वित्तीय क्षेत्रमा सिर्जना हुन सक्ने जोखिम र त्यसको न्यूनीकरणका निम्ति अपनाउनुपर्ने उपायबारे प्रकाश पार्दै सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्था र निर्देशनको सम्बन्धमा चर्चा गर्नुभएको थियो ।

सो अवसरमा निर्देशक घिमिरेले बैंक तथा वित्तीय संस्थामा सिर्जना हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सम्बद्ध कर्मचारीको भूमिका महत्वपूर्ण हुने धारणा राख्दै राष्ट्र बैंकबाट जारी नीति, निर्देशन तथा जोखिम व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासहरूको पालनाप्रति जोड दिनुभयो ।

धनगढी कार्यालयका प्रधान सहायक निरज पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# डोटीको बुडरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

धनगढी कार्यालयले २०७८ वैशाख ९ गते डोटी जिल्लाको बुडरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । स्थानीय रामपुर नमूना माध्यमिक विद्यालय आयोजित कार्यक्रममा शिक्षक र विद्यार्थीसहित करिब सय जनाको सहभागिता थियो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले वित्तीय चेतना अभिवृद्धिका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले बचत तथा कर्जाको महत्व, विप्रेषण, उद्यमशीलता, वित्तीय अनुशासन, वित्तीय डायरी तयार गर्ने विधि, बिमाको महत्व, लगानी गर्नुपर्ने आवश्यकता, नेपाली नोटमा रहेका मुख्य विशेषता एवम् बैंक तथा वित्तीय संस्थाले दिने सेवाका सम्बन्धमा सहभागीहरूलाई जानकारी दिनुभयो ।



सो अवसरमा धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले समाजका लक्षित वर्गमा वित्तीय चेतना अभिवृद्धिको निम्ति यस्ता किसिमका कार्यक्रम महत्वपूर्ण हुने धारणा राख्दै आफूले सिकेका ज्ञानलाई परिवारका सदस्यलाई समेत सिकाउन सहभागीलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक टेकबहादुर बोगटीले उक्त कार्यक्रमको आयोजनाप्रति धनगढी कार्यालयलाई धन्यवाद दिनुभयो । कार्यालयका प्रधान सहायक निरज पाण्डेयले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा बैंकिङ क्षेत्रमा कोभिडको प्रभावसम्बन्धी अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले २०७८ वैशाख १३ गते 'कोभिड-१९ को दोस्रो लहरले बैंकिङ क्षेत्रमा पार्न सक्ने प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका लुम्बिनी प्रदेश कार्यालयका प्रमुख र शाखा प्रमुखहरूको सहभागिता थियो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले कोभिड-१९ को दोस्रो लहरका कारण बैंक तथा वित्तीय संस्थाको कार्य सञ्चालनमा पर्न सक्ने प्रभावका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । निर्देशक फुयालले वित्तीय संस्थाका कर्मचारी र ग्राहकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी अत्यावश्यक बैंकिङ सेवाहरू सञ्चालन गर्न आग्रह गर्नुभयो ।



कार्यक्रमका सहभागीले बैंक तथा वित्तीय संस्थाका सबै कर्मचारीलाई कोभिडविरुद्धको खोप लगाउन आवश्यक व्यवस्था मिलाउनुपर्ने, कार्यालय समय घटाउनुपर्ने, विद्युतीय भुक्तानीका निम्ति ग्राहकलाई प्रेरित गर्नुपर्नेलगायतका आवश्यकतामाथि जोड दिएका थिए ।

# धादिङको धार्केमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम



नागर्जुन फाउन्डेसनले २०७८ वैशाख ४ गते धादिङ जिल्लाको धार्केबजारमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । गभर्नरको कार्यालयको सहकार्यमा फाउन्डेसनले उक्त कार्यक्रम आयोजना गरेको हो ।

स्थानीय नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सभाकक्षमा आयोजित कार्यक्रममा स्थानीय व्यवसायी, सहकारी संस्थाका सदस्य, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र अन्य सर्वसाधारणको सहभागिता थियो ।

नागर्जुन फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत दिनेश घिमिरेको सभापतित्वमा आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक भीष्मप्रसाद उप्रेतीले बचत तथा कर्जाको आधारभूत जानकारी, विप्रेषण, बिमा, डेबिट कार्ड/क्रेडिट कार्डको प्रयोग, सफा नोट नीति, नक्कली नोट पहिचानलगायतका विषयमा सहभागीहरूलाई जानकारी दिनुभयो ।

सो अवसरमा गभर्नरको कार्यालयका सहायक निर्देशक रोशन दाहालले क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबारको प्रक्रिया र महत्वको विषयमा प्रकाश पार्नुभयो । कार्यक्रममा नवज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष अर्जुनप्रसाद आचार्यले वित्तीय सचेतनाको विषयमा आफ्नो धारणा राख्नुभयो । कुमारी बैंक लिमिटेड, धार्के शाखाका प्रबन्धक रुद्र अधिकारी र उदय कृषि सहकारी संस्था लिमिटेड, धार्केका अध्यक्ष बासु बास्कोटाले सहभागीका तर्फबाट प्रतिक्रिया राख्नुभएको थियो ।

# जनकपुर र सिद्धार्थनगरमा ज्ञान आदानप्रदान कार्यक्रम

जनकपुर कार्यालयले २०७७ चैत २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा सहायक (सु.प्र.) अजयकुमार सिंहले 'साइबर सुरक्षा' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले साइबर सुरक्षाको परिचय, व्यक्तिगत तथा कार्यालयको सूचनाको गोपनीयतामा पर्नसक्ने जोखिम, त्यस्तो जोखिमको स्वरूप र यसबाट बच्न अपनाउनुपर्ने सावधानीका उपाय विषयमा जानकारी दिनुभयो । साथै, उहाँले सहभागीको जिज्ञासाको समेत जवाफ दिनुभएको थियो । कार्यक्रममा जनकपुर कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । कार्यालयका सहायक निर्देशक अनिल शिवाकोटी र सहायक मनोहर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले २०७८ वैशाख २ गते ज्ञान



आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सहायक निर्देशक रमेशकुमार न्यौपानेले 'नेपालमा भुक्तानी प्रणालीको विकास र चुनौतीहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले भुक्तानी प्रणालीलाई प्रभावकारी बनाउन बैंकले जारी गरेका नीतिगत व्यवस्थाका विविध पक्षबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले लुम्बिनी प्रदेशमा डिजिटल भुक्तानी प्रणालीलाई थप प्रभावकारी तुल्याउन सर्वसुलभ र गुणस्तरीय इन्टरनेट सेवाको आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

# सरुवा तथा पदस्थापन

जनशक्ति व्यवस्थापन विभागको २०७८ वैशाख ८ को निर्णय अनुसार सहायकस्तरका २६ जना कर्मचारीको सरुवा भएको छ ।

जसअनुसार प्रधान सहायकतर्फ जनशक्ति व्यवस्थापन विभागका रविचन्द्र पौडेल लघुवित्त संस्था सुपरिवेक्षण विभाग, पोखरा कार्यालयका कृष्णप्रसाद खराल वित्त कम्पनी सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका शारदा लोहनी विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका कृष्ण केसी सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बैंकिङ विभागका रचना ज्ञवाली संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, सिद्धार्थनगर कार्यालयका शंकरप्रसाद भट्टराई आन्तरिक लेखापरीक्षण विभाग, मुद्रा व्यवस्थापन विभागका हरि गौतम लघुवित्त संस्था सुपरिवेक्षण विभाग, नेपालगञ्ज कार्यालयका डिल्लीराज आचार्य वित्त व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका गीता पोखेल लम्साल बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंकिङ विभागका विजयता राजभण्डारी वित्तीय जानकारी इकाईमा सरुवा हुनुभएको छ ।

यसै गरी, सहायकतर्फ वित्त कम्पनी सुपरिवेक्षण विभागका दीक्षा सुवेदी विराटनगर कार्यालय, बैंकिङ विभागका लुमणी खनाल राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंकिङ विभागका निरञ्जन कोइराला संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, नेपालगञ्ज कार्यालयका शिशिर पोखेल मुद्रा व्यवस्थापन विभाग, नेपालगञ्ज कार्यालयका सन्दिप रसाइली सिद्धार्थनगर कार्यालयमा सरुवा हुनुभएको छ । यस्तै, जनकपुर कार्यालयका सुमन राई, सिद्धार्थनगर कार्यालयका गणेशमान शाक्य, नेपालगञ्ज कार्यालयका प्रकाश श्रेष्ठ, वीरगञ्ज कार्यालयका सरोज कन्दङ्वा र विमुना न्यौपाने बैंकिङ विभाग, वीरगञ्ज कार्यालयका सन्तोषकुमार तामाङ जनकपुर कार्यालय, धनगढी कार्यालयका भीमबहादुर राना नेपालगञ्ज कार्यालय र नेपालगञ्ज कार्यालयका जीवन वि.क. सिद्धार्थनगर कार्यालयमा सरुवा हुनुभएको छ । साथै, भुक्तानी प्रणाली विभागका उप-सहायक धर्म महर्जन बैंकिङ विभागमा सरुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

हालै सहायक पदमा नयाँ नियुक्ति भएका ३१ जना कर्मचारीलाई बैंकको प्रदेशस्थित कार्यालयहरूमा पदस्थापन गरिएको छ । जसअनुसार दीपक भुसाल सिद्धार्थनगर कार्यालय, राजेन्द्र रेग्मी र ईश्वरप्रसाद भट्टराई नेपालगञ्ज कार्यालय, श्रीजु गौतम पोखरा कार्यालय, छविलाल भण्डारी र उमङ्ग कटुवाल जनकपुर कार्यालय (कामकाज), कञ्चन जोशी धनगढी कार्यालय, शोभा सिलवाल विराटनगर कार्यालय, सरिता अधिकारी सुर्खेत कार्यालय र सविता कार्की सिद्धार्थनगर कार्यालयमा पदस्थापन हुनुभएको छ । यसै गरी, अनिता बजगाई धनगढी कार्यालय, दौलत बुढाथोकी सुर्खेत कार्यालय, सारुख तिम्सिना र प्रधुन केसी वीरगञ्ज कार्यालय, समिर फयल सुर्खेत कार्यालय, रोशनीकुमारी सर्राफ वीरगञ्ज कार्यालय (कामकाज), स्मृति घिमिरे र मनीषा कुँवर पोखरा कार्यालय तथा दीक्षा अर्याललाई सिद्धार्थनगर कार्यालय (कामकाज) मा पदस्थापन गरिएको छ ।

यस्तै, पुस्तिका पोखरेल विराटनगर कार्यालय, सोनिका अधिकारी वीरगञ्ज कार्यालय (कामकाज), महेन्द्र घतानी, सुरजबहादुर जप्रेल, अशोककुमार श्रेष्ठ र सुमनकुमार देव नेपाजगञ्ज कार्यालय, शिखर स्याङ्तान वीरगञ्ज कार्यालय (कामकाज), कञ्चन गुप्ता विराटनगर कार्यालय (कामकाज), कृति राजभण्डारी सिद्धार्थनगर कार्यालय (कामकाज) तथा सन्देशकुमार ठाकुर र रीता परियार नेपालगञ्ज कार्यालयमा पदस्थापन हुनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

## अवकाश

आन्तरिक लेखापरीक्षण विभागका निर्देशक रवीन्द्र महर्जनले ५८ वर्ष उमेर हदका कारण २०७८ वैशाख ५ गतेदेखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँ २०५४ सालमा बैंक सेवामा प्रवेश गर्नुभएको थियो ।

यसै गरी, राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक डा. टापप्रसाद कोइराला, सोही विभागका उप-निर्देशक (कम्प्युटर) विविसेन महर्जन, गभर्नरको कार्यालयका उप-निर्देशक (कम्प्युटर) जीतेन्द्रनारायण श्रेष्ठ, आर्थिक अनुसन्धान विभागका उप-निर्देशक (कम्प्युटर) सानुभाइ महर्जन र जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक (कम्प्युटर) सुन्दर मानन्धरले वैशाख २ देखि सेवाबाट अवकाश पाउनुभएको छ । उहाँहरूले पनि ३० वर्ष सेवा अवधिका आधारमा अवकाश पाउनुभएको जनाइएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सृजना क्षेत्री
लालकुमार सुवेदी
नवीना ताम्राकार